# भूमे साप्ताहिक

वर्ष ५ अङ्क २४ २०८० असोज १० बुधबार




## सम्पादकीय

### महंगी र कालाबजारी नियन्त्रण गरौं

नेपालीहरुको विशेष चाडपर्व दसैं, तिहार नजिकिदै गर्दा बजारमा महंगी, कालाबजारी र वस्तुहरुको कृत्रिम अभाव सिर्जना गर्ने खेल शुरु भइसकेको छ। चाडपर्वमा विभिन्न दैनिक उपभोग्य वस्तुका साथै कपडा लत्ताहरुको धेरै खपत हुने गर्दछ। वर्ष दिनभरि काम गर्ने मजदूरहरुदेखि विदेशमा रहेका नेपालीहरु घर फर्किने र पारिवारिक जमघटमा चाडपर्व मनाउने प्रचलन भएकोले नयाँ कपडा, खानेकुराको माग बढ्नु स्वभाविक हो।

यही मौका छोपेर गलत नियत भएका व्यापारीहरुले कालाबजारी गर्ने, महंगी ह्वात्तै बढाउने जस्ता क्रियाकलाप गरिरहेका हुन्छन्। आफूसँग भएको सामान केही समय लुकाएर अभाव सिर्जना गर्ने र मूल्य बढाएर बिक्री गर्ने गर्न पछि पर्दैनन्। मौका छोपेर उपभोक्ता (आम नागरिक) लाई ठग्ने, कालाबजारी गर्ने, म्याद सकिएका सामान बेच्ने प्रवृत्ति अहिले पनि यथावत नै छ। चाडपर्व सबै रमाउने पर्व हो, कसैले कसैलाई ठग्ने, लुट्ने मौका होइन। त्यसैले स्थानीय सरकार र सरकारी निकायले चाडपर्वको बेला मात्रै होइन, नियमित रुपमा बजार अनुगमन गर्नु जरुरी छ।

आम उपभोक्तालाई लुटिनबाट जोगाउन सरकारले बजारमा हुने सबैखाले विकृति विसंगति, महंगी नियन्त्रण गर्न विशेष पहलकदमी चाल्नु आवश्यक छ। यस्ता कार्यमा प्रभावकारी रुपमा कार्यान्वयन तहमा स्थानीय सरकार हुने भएकाले स्थानीय तहबाटै नियमित बजार अनुगमन, मूल्य सूची अध्यावधिक गर्न जरुरी छ।


**प्रकाशक**

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# दुर्गमका गर्भवतीलाई सुत्केरी घर




❖ **बालाराम शेर्पाली**

रुकुम (पूर्व) । भूमे गाउँपालिकाका दुई स्वास्थ्य संस्थाले सुत्केरीहरुका लागि भान्सा घरको व्यवस्था गरेका छन्। यहाँको मोराबाङ र महत स्वास्थ्य स्वास्थ्य चौकीले सुत्केरी भान्सा घरको व्यवस्था गरेका हुन्।

सुत्केरी भान्सा घरमा व्यथा लाग्नुअघि नै स्वास्थ्य चौकीमा जँचाउन जाँदा समस्या देखिए वा स्वास्थ्यकर्मीको निगरानीमा रहनुपर्ने अवस्थाका गर्भवतीहरु बस्न सक्छन् भने सुत्केरी भइसकेर केही दिन स्वास्थ्य चौकीमै राख्नुपर्ने आमा तथा शिशु भएमा उनीहरु बस्न सक्छन्।

व्यथा लाग्नुभन्दा पहिले स्वास्थ्य चौकी गएर पछिसम्म बस्नु परे वा नियमित स्वास्थ्यकर्मीको निगरानीमा राख्नुपर्ने सुत्केरी भएमा र उनीहरुलाई स्याहार गर्न सुत्केरी भान्सा घरले सहज भएको मोराबाङ स्वास्थ्य चौकीका चिकित्सक विवेक केसीले बताउनु भयो।

स्वास्थ्य संस्थामा सुत्केरी हुँदा आमा र शिशुको स्वास्थ्य अवस्थामा सुधार हुने भएकाले स्वास्थ्य संस्थाबाट टाढा भएका सेवाग्राहीलाई लक्षित गरी सुत्केरी भान्सा घरको व्यवस्था गरिएको केसीले बताउनु भयो।

"पहाडी भूगोल र यातायातको सहज सुविधा नभएकाले स्वास्थ्य चौकीबाट टाढा भएका गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामै सुत्केरी हुने वातावरण बनाउन भान्सा घरको व्यवस्था गरेका हौं," चिकित्सक केसीले भन्नुभयो, "ग्रामीण क्षेत्रमा समयमै स्वास्थ्य संस्थामा आउन नसक्दा र जनचेतनाको कमीले अझैं पनि घरमै सुत्केरी हुने गर्दछन्। घरमै सुत्केरी हुने संख्या शून्यमा झार्ने लक्ष्यसहित हामीले सकिने जति सबै सुविधा र सचेतना दिने गरेका छौं।"

मातृ तथा नवजात शिशुको मृत्युदर घटाउन र जटिल समस्या हुन नदिन समयमै स्वास्थ्य संस्थामा लैजान गर्भवती महिला र उनका परिवारका सदस्यहरुलाई बेलैमा सचेत बनाउने गरेको भूमे गाउँपालिका स्वास्थ्य शाखा प्रमुख उपेन्द्र यादवले बताउनु भयो।

उसो त अहिले पनि रुकुम (पूर्व)मा भौगोलिक विकटता, सहज र पर्याप्त उपचारको सुविधा नहुँदा गर्भवती तथा सुत्केरी महिलाहरुले सास्ती बेहोर्नु परिरहेको छ। स्वास्थ्य संस्थामा नपु-याउँदै बाटोमै सुत्केरी हुनु, घरमै सुत्केरी हुनु, सुत्केरी हुँदा आमा तथा नवजात शिशुको ज्यानै संकटमा पर्नु यहाँका बाध्यता रहेका छन्।

पछिल्लो समय अनिवार्य रुपमा स्वास्थ्य संस्थामै सुत्केरी गराउनु पर्ने सरकारी निर्देशन रहेको छ तर समयमै अस्पताल पु-याउन नसक्दा केही गर्भवती आमाहरु बाटोमै त कतिपय घरमै सुत्केरी गराउन बाध्य छन्।

सबै गाउँ बस्तीसम्म सडक यातायात नहुनु र भएका सडक पनि बिग्रे भत्केकाले समस्या त छँदैछ, चाहिएको बेला सवारी साधन नहुनु पनि अर्को समस्या रहेको यहाँका बासिन्दा बताउँछन्। गाउँका बासिन्दाहरु गर्भवती र सुत्केरी हुने प्रक्रियालाई सामान्य रुपमा लिने र जटिल समस्या देखिएपछि मात्रै आत्तिने गरेकाले पनि समस्या पर्ने देखिएको छ। समस्या भइसकेपछि स्ट्रेचरमा २/४ घन्टा बोकेर स्वास्थ्य संस्थासम्म पु-याउनु पर्ने बाध्यता छ।

भूमे गाउँपालिका ३ की बलकुमारी विक सडक यातायातको सहज नहुँदाको पीडा बुहारी सुत्केरी हुँदा भोगेको बताउनु हुन्छ, "स्वास्थ्य चौकीमा लिदा अवस्था सामान्य भएकाले घर ल्यायौं तर मध्यरातमा समस्या भयो। बाटो राम्रो नभएकाले स्ट्रेचरबाट अस्पताल पु-याउन निकै समस्या भयो। बाटो राम्रो र सवारी साधनको सुविधा भएको भए त्यस्तो दुःख व्यहोर्नु पर्दैनथ्यो।"

दुर्गम क्षेत्रका गर्भवती आमाहरुका लागि नियमित चेकअप गर्न सबै स्वास्थ्य संस्थाहरुमा भिडियो एक्स-रे, बर्थिङ सेन्टर, सुत्केरी भान्सा घर र विशेषज्ञ सेवाका लागि स्थानीय सरकारले विशेष पहल गर्नुपर्ने देखिन्छ। साथै दुर्गम गाउँका जनतालाई गर्भवती तथा सुत्केरी हुने प्रक्रियालाई सामान्य रुपमा नलिई नियमित चेकअप गराउन र अस्पताल वा स्वास्थ्य संस्थामै सुत्केरी गराउन जनचेतना फैलाउनु पर्ने देखिन्छ।

# आ.व. २०८०/८१ को वार्षिक कार्यक्रम सार्वजनिक




❖ **भूमे समाचारदाता**

रुकुम (पूर्व) । एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय रुकुम (पूर्व) र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई रुकुम पूर्व रोल्पा कार्यालयले आर्थिक वर्ष २०८०/८१ मा संचालन हुने वार्षिक कार्यक्रमहरुको सार्वजनिक गरेका छन्। सो अवसरमा रुकुम पूर्वका तीन वटै गाउँपालिकाका कृषि र पशु शाखाले पनि कार्यक्रमको सार्वजनिक गरेका हुन्। एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई रुकुम पूर्व रोल्पा कार्यालयको आयोजनामा वार्षिक कार्यक्रमको सार्वजनिक गरिएको हो।

कार्यक्रममा चालू आर्थिक वर्षमा कार्यालयबाट जिल्लामा संचालन हुने विभिन्न योजना, बजेट र क्षेत्रको बारेमा कार्यालयका प्रमुख तथा गाउँपालिकाका कृषि र पशु शाखाका प्रमुखहरुले जानकारी गराउनु भएको थियो। एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयमा चालू आर्थिक वर्षको लागि पाँच करोड ५७ लाख ४ हजार रुपैयाँ बजेट आएको कार्यालयका प्रमुख पिताम्बर बस्नेतले जानकारी दिनुभयो। उहाँका अनुसार गत आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्षमा कार्यालयको बजेट घटेर आएको छ। गत आर्थिक वर्षमा कार्यालयमा ७ करोड ७ लाख ३८ हजार रुपैयाँ बजेट आएको थियो।

कार्यालयबाट सञ्चालित ७ ओटा उपआयोजनाहरु छन्। जसअन्तर्गत साधरणतर्फको कार्यक्रममा १ करोड ४४ लाख २० हजार, कृषि तथा पशुपन्छी स्रोत तथा प्रविधि सेवा टेवा विस्तार कार्यक्रमको लागि ६६ लाख ७१ हजार, कृषि उत्पादन, खाद्य तथा पोषण सुरक्षा कार्यक्रममा ३ करोड १०

लाख ७७ हजार, पशुपन्छी विकास तथा पशु स्वास्थ नियमन कार्यक्रमको लागि १० लाख ९६ हजार बजेट रहेको छ। यस्तै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (संघ सशर्त कार्यक्रम) को लागि १९ लाख, कृषि विभाग सशर्त कार्यक्रमको लागि पाँच लाख, पशु सेवा विभाग शसर्त कार्यक्रमको लागि ४० हजार बजेट रहेको छ।

कार्यालय प्रमुख बस्नेतका अनुसार कार्यालयमार्फत् प्रमुख प्राथमिकताको आधारमा विभिन्न कार्यक्रमहरु बनाएका छन्। बाली वस्तु विशेष सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम कार्यक्रम (वर्षे आलु, स्याउ र भेडापालन) एक करोड ४१ लाखमा, मुल्य अभिवृद्धिका लागि साना कृषि उद्योग सहयोग कार्यक्रममा २५ लाख, प्रतिफलमा आधारित प्रोत्साहन कार्यक्रम र आवश्यकतामा आधारित कृषि पशुपन्छी विकास कार्यक्रम सञ्चालनको लागि ८/८ लाख बजेट रहेको छ। यस्तै लक्षित समुदाय विशेष आयआर्जन कार्यक्रम १५ लाख, सिंचाइसहित कृषि विकास कार्यक्रम ३० लाखको, वीज वृद्धि कार्यक्रम १० लाखको, भकारो सुधार तथा कम्पोस्टिङ कार्यक्रममा १६ लाख बजेट रहेको जानकारी गराइएको छ।

माटो व्यवस्थापन कार्यक्रममा १५ लाख, रैथाने बालीको प्रवद्र्धन तथा बजारिकरणमा २ लाख, पोषण सुधारको लागि ग्रामीण कुखुरा पालन कार्यक्रममा १५ लाख, जैविक विषादी र प्राङ्गारिक मल उत्पादन, उपयोग प्रवद्र्धन र कृत्रिम गर्भाधान कार्यक्रममा पाँच/पाँच लाख बजेट बिनियोजन गरिएको छ। नियमन कार्यक्रम र माटो परिक्षण तथा बाली उपचार सेवा कार्यक्रमको लागि चारचार लाख, प्रयोगशाला शेवामा २० लाख, पशुपन्छी खोप सेवामा ७ लाख, कृषि तथा पशुपंक्षि प्रदर्शनीमा १० लाख, कृषक सम्मानमा १ लाख र ब्लक विकास कार्यक्रममममा १९ लाख गरी जम्मा ३ करोड ६० लाख बजेट बिनियोजन यी प्रमुख कार्यक्रमको लागि बिनियोजन गरिएको एकिकृत कृषि तथा पशुपन्छि विकास कार्यालय रुकुम (पूर्व) ले जानकारी दिएको छ।

यस्तै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई रुकुम पुर्व रोल्पा कार्यालयमा आर्थिक वर्ष २०८०/८१ को लागि ४ करोड ७ लाख ३५ हजार बजेट आएको कार्यालय प्रमुख मित्रलाल पौडेलले जानकारी गराउनु भयो। जसमा चालुतर्फ ३ करोड ८८ लाख ३५ हजार र पुजिँगततर्फ १ करोड ९ लाख बजेट रहेको छ।

कृषितर्फ सिस्ने गाउँपालिकाको कृषि शाखामा १ करोड ७ लाख ७४ हजार, भूमेमा ३ करोड ५९ लाख ८५ हजार ५ सय र पुथा उत्तरगंगा गाउँपालिकामा १ करोड ४७ लाख ५५ हजार बजेटमा विभिन्न कार्यक्रमहरु रहेका छन्। पशुतर्फ सिस्ने गाउँपालिकामा ४९ लाख ८८ हजार, भूमे गाउँपालिकामा ३२ लाख ९० हजार

र पुथा उत्तरगंगा गाउँपालिकामा १ करोड २४ लाख ८९ हजार बजेट रहेको छ। यसरी जिल्लास्थित एकिकृत कृषि तथा पशुपंछी विकास कार्यालय, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई रुकुम(पूर्व) रोल्पा कार्यालय र तीन वटै गाउँपालिकाको गरी कृषि र पशुपंछीतर्फ जिल्लामा कुल १७ करोड ८७ लाख २० हजार पाँच सय रुपैयाँ बजेट रहेको छ।

एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयका प्रमुख पिताम्बर बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समितिका उपप्रमुख मोहन बहादुर केसीको प्रमुख आतिथ्यता रहेको थियो। कार्यक्रममा प्रमुख जिल्ला अधिकारी माधवप्रसाद घिमिरे, भूमे गाउँपालिका उपाध्यक्ष सविना बुढा, पुथा उत्तरगंगा गाउँपालिका उपाध्यक्ष भुपेन्द्रा बुढा, सशस्त्र प्रहरी नायव उपरीक्षक होमराज न्यौपाने, अनुसन्धान विभागका प्रमुख चिरञ्जीवी बुढा, सिस्ने गाउँपालिका ६ का वडाध्यक्ष पूर्णबहादुर मल्ल लगायतको आतिथ्यता रहेको थियो। कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, जिल्लास्थित सरकारी तथा गैरसरकारी कार्यालय प्रमुख एवं प्रतिनिधि, तीन वटै गाउँपालिकाका प्रमुख एवं प्रतिनिधि, उद्योग बाणिज्य संघ, समुह, सहकारीका प्रमुख एवं प्रतिनिधि र पत्रकारको उपस्थिति रहेको थियो। कार्यक्रमको संचालन प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई रुकुम पूर्व रोल्पा कार्यालयका बल बहादुर केसीले गर्नुभएको थियो।

# पहिरो पन्छाएर अवरुद्ध सडक खुलाइयो

रुकुम (पूर्व )। भूमे गाउँपालिकाको वडा नम्बर ५ सेराबाङमा अवरुद्ध सडक खुलाइएको छ। बिहीबार भूमे गाउँपालिका वडा नम्बर ५ डालिबाङमा पहिरोले अवरुद्ध भएको गोठाले ओडारदेखि बरापुसम्मको सडक मर्मत गरी खुलाइएको हो।

बाटोमा खसेको पहिरो तथा झार जंगल हटाएर सडक सूचारु गरिएको माओवादी केन्द्र भूमे गाउँपालिका वडा नं ५ का इन्चार्ज रामकुमार बुढाले बताउनु भयो। स्थानीय जनप्रतिनिधि, पार्टी गाउँ कमिटी, स्थानीय युवाहरु सबैको सहभागितामा सडक मर्मत गरिएको बुढाको भनाइ थियो।

अवरूद्ध सडक खुलेपछि आवत जावत गर्न र दैनिक उपभोग्य सामान ओसार पसारमा सहज भएको स्थानीयले बताएका छन्। युवाहरुको सक्रियताले गाउँमा बिग्रे भत्केका बाटो, कुवा, मठ मन्दिर, विद्यालय, प्रतीक्षालय बनाउँदा सबैलाई खुसी लाग्ने स्थानीयको प्रतिक्रिया छ। गाउँका युवाहरुको परिचालन गरी वडाभित्र अवरुद्ध सबै ग्रामीण सडकहरु खुलाउने योजना रहेको वडा इन्चार्ज बुढाले बताउनु भयो।

# नृत्य प्रतियोगितामा महतको बाल क्लव प्रथम

❖ बालाराम शेर्पाली



रुकुम पूर्व । भूमे गाउँपालिकाले आयोजना गरेको सामूहिक नृत्य प्रतियोगितामा जनजागृति मावि महतको बाल क्लव प्रथम भएको छ भने एकल नृत्यतर्फ भूमे ६ महतकी उषा बुढामगर प्रथम हुनुभएको छ।

सामूहिक नृत्यतर्फ भूमे २ खाबाङस्थित मारिङ बहुउद्धेश्यीय सहकारी संस्था दोस्रो, भूमे ८ कोर्जाको स्वास्थ्य आमा समूह तेस्रो र भूमे ३ सीमाको लालीगुराँस कृषक समूहले सान्त्वना स्थान हासिल गरेका छन्। प्रथम, दोस्रो, तेस्रो र सान्त्वना हुने समूहलाई क्रमशः १० हजार, ७ हजार, ५ हजार र ३ हजार नगद पुरस्कारका साथै प्रमाण पत्र प्रदान गरिएको थियो।

त्यस्तै एकल नृत्य प्रतियोगितातर्फ भूमे २ खाबाङकी चाहना रोका दोस्रो, भूमे १ लुकुमकी सविना सुनार तृतीय र रुकुम पश्चिमकी सृजना थापा केसीले चौथो (सान्त्वना) स्थान हासिल गर्नुभएको थियो।

नृत्य प्रतियोगितामा प्रथम, दोस्रो, तेस्रो र सान्त्वना स्थान हासिल गर्ने विजेताहरुलाई क्रमशः ५ हजार, ४ हजार, ३ हजार, २ हजार नगद पुरस्कार र प्रमाण पत्र प्रदान गरिएको थियो।

प्रतियोगिताको मूल्याङ्कनकर्तामा सुनकुमारी पुन र रामकुमारी बुढा रहनुभएको थियो।

महिलाहरुको विशेष पर्व हरितालिका तीजको अवसरमा आयोजना गरिएको एकल तथा सामूहिक नृत्य प्रतियोगिता भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठको प्रमुख आतिथ्यमा सम्पन्न रहेको थियो । कार्यक्रममा प्रमुख अतिथि श्रेष्ठले तीजको सन्दर्भमा आयोजना गरिएको नृत्य प्रतियोगिताले पालिकाभित्र रहेका प्रतिभाहरुको पहिचान भएको भन्दै खुसी व्यक्त गर्नुभएको थियो।

सो अवसरमा भूमे गाउँपालिका उपाध्यक्ष सविना बुढामगरले तीजको अवसरमा सबैले आ-आफ्नो गाउँटोलमा नाचगान गर्ने भए पनि यसरी प्रतियोगिता गरेर क्षमतावान् प्रतिभाहरुलाई पुरस्कृत गर्न पाउँदा खुसी लागेको बताउनु भयो। गाउँपालिका उपाध्यक्ष सविना बुढामगरको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन वेदना बुढामगरले गर्नुभएको थियो।

**लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी**

१. पदमश्री साहित्य पुरस्कार, २०७९ कसलाई प्रदान गरिने भएको छ ?

✍ डा. देवीप्रसाद सुवेदीको उपन्यास **"मनु"** लाई प्रदान गरिने।

२. राष्ट्रिय शिक्षा दिवस कहिले मनाइन्छ ?

✍ असोज २ (यसअघि अन्तराष्ट्रिय साक्षरता दिवसका दिन सेप्टेम्बर ८ मा मनाइने यो दिवस २०७५ असोज २ गते **सबै बालबालिकालाई अनिवार्य र नि: शुल्क शिक्षा दिने सम्बन्धि ऐन** पारित भएको दिनलाई नै शिक्षा दिवसको रुपमा मनाउने निर्णय नेपाल सरकाले २०८० जेठ ९ गते गरेको थियो।)

३. नेपालको सबैभन्दा बढी स्थानीय तह भएको जिल्ला कुन हो ?

✍ सर्लाही (२० वटा स्थानीय तह जसमा ११ नगरपालिका र ९ गाउँपालिका रहेका छन भने सबैभन्दा कम स्थानीय तह भएको जिल्ला रुकुम (पूर्व) जम्मा ३ वटा स्थानीय तह जसमा ३ वटा गाउँपालिका रहेका छन)

४. वि.सं. २०७८ को जनगणनाअनुसार नेपालमा सबैभन्दा बढी कुन धर्मालम्बीहरुको बसोबास छ?

✍ हिन्दु (कुल जनसंख्याको ८१.१९ प्रतिशतले हिन्दु धर्म मान्दछन्।)

५. प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड संयुक्त राष्ट्र संघको ७८ औं महासभामा सहभागी हुन अमेरिकाको न्युयोर्क कहिले प्रस्थान गर्नुभएको हो ?

✍ वि.सं. २०८० भदौ ३० गते

६. केटी मान्छे देखे वित्तिकै विरामी हुने वैज्ञानिक को हुन् ?

✍ हेनरी केभेन्डिस

७. नेपालको सबैभन्दा बढी पानी पर्ने स्थान कुन हो ?

✍ लुम्ले, कास्की

८. चिउरीको वोट दाइजो दिने प्रचलन कुन जातिमा रहेको छ ?

✍ चेपाङ

९. सुर्मा सरोवर बझाङ जिल्लामा पर्दछ भने इन्द्र सरोवर कहाँ पर्दछ ?

✍ मकवानपुर (यो करिव ७ कि.मि. क्षेत्रफलमा फेलिएको नेपालको सबैभन्दा ठूलो मानव निर्मित ताल हो ।)

१०. १९ औं एसियाली खेलकुद कहाँ हुदै छ ?

✍ चीन (२०२३ सेप्टेम्बर २३ देखि अक्टोबर ८ सम्म सञ्चालन हुने खेलमा जम्मा ४० वटा खेल समावेश गरिएको छ भने नेपालले २९ वटा खेलमा प्रतिस्पर्धा गर्ने।)

*संकलन : चेतन बुढा मगर*
*भूमे-६, रुकम (पूर्व)*

## सन्दर्भः बिश्व रेबिज दिवस

# रेबिज नियन्त्रणमा हाम्रो भूमिका




- नारायण ओली

विश्व रेबिज दिवस world rebise day प्रत्येक वर्ष सेप्टेम्बर २८ मा मनाउने गरिन्छ। यो दिवस नेपालमा पनि गोष्ठी, सभाजस्ता कार्यक्रम गरेर मनाइन्छ। रेबिज दिवसकै अवसर पारी पशु सेवासँग सम्बन्धित निकायहरुले रेबिज खोप शिविरहरु सञ्चालन गरेको पाइन्छ। **यस वर्ष विश्वभरि १७ औं विश्व रेबिज दिवस Rabies: "All Foe 1, One Health For All" नाराका साथ मनाइदैछ। यस वर्ष नेपालमा पनि विश्व रेविज दिवस २०८०** समावेशीता, एकता र एकताको अवधारणालाई ध्यानमा राख्दै **"रेविज नियन्त्रणः एकको लागि सबै, सबैका लागि एक स्वास्थ्य" भन्ने मूल नाराका साथमा विभिन्न कार्यक्रम गरी संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारहरुले सप्ताहव्यापी रुपमा मनाउन लागेका छन्।** विश्व रेबिज दिवस विश्वव्यापी रेबिज क्यालेन्डरमा सबैभन्दा ठूलो कार्यक्रम हो। GARC द्वारा समन्वय गरि हरेक वर्ष सेप्टेम्बर २८ मा मनाइने विश्व रेविज दिवस **लुईपास्चरको वार्षिक पूण्य तिथिको अवसर पारेर मनाउने गरिन्छ। सन्** २००७ देखि रेबिज रोगको बारेमा सचेतना जगाउने र वकालत गर्ने उद्देश्यले विश्व

रेबिज दिवस मनाउन थालिएको हो। विश्वव्यापी रूपमा रेबिज उन्मूलन गर्न, समावेशी रुपमा रेबिज विरुद्ध सबै क्षेत्रका व्यक्ति, संस्था र सरोकारवालाहरूलाई एकजुट गराउनका लागि तयार गरिएको कार्यक्रम हो।किनकी हामी सबैसँगै मिलेर रेबिज उन्मूलन गर्न सक्छौं।

प्रत्येक वर्ष, हामीले बिश्व रेबिज दिवसका लागि एउटा विषयवस्तु चयन गर्छौं, जुन हामीलाई विश्वास होस् कि वर्तमान अवस्थामा रेबिज रोग र सामान्य रूपमा हाम्रो स्वास्थ्यका लागि विश्वव्यापी प्रचलनहरूसँग सबैभन्दा सान्दर्भिक मानिन्छ। सन् २०२२ को विश्व रेबिज दिवसको प्रमुख नारा (रेबिजः एक स्वास्थ्य, शून्य मृत्यु) को अपार सफलता र सकारात्मक प्रतिक्रियालाई पछ्याउँदै यस वर्षको नारा एक स्वास्थ्यमा केन्द्रित रहेको छ। यो वर्षको विषयवस्तुले सहयोगको आवश्यकता, समानताको महत्त्व र समग्र स्वास्थ्य प्रणालीलाई सुदृढ गर्ने विषयवस्तुलाई जोड दिँदै एक स्वास्थ्य केही ठूला व्यक्तिहरूको लागि मात्र होइन यो त बरु सबैका लागि उपलब्ध हुनुपर्छ भन्ने कुराहरुको सुनिश्चित गर्दै थप तह थपेको छ। आशा छ यसले मानिसको जनजीवनका लागि रेबिजको महामारिबाट बच्नका लगि महत्वपूर्ण योगदान खेल्नेछ। The Three Musketeers लाई आफ्नो लक्ष्य हासिल गर्न सहयोग गर्ने र रेबिज नियन्त्रणमा सरोकारवालाहरूको संघर्ष, रोग हटाउनका लागि हाम्रो संयुक्त प्रयासहरू बीचको स्पष्ट सम्बन्ध कायम गरी विश्व समुदाय र नेपाली समुदायले अन्याय (असन्तुलित स्वास्थ्य प्रणाली)सँग लड्न र सन् २०३० सम्ममा रेबिज निर्मूल पार्ने हाम्रो विश्वव्यापी लक्ष्य हासिल गर्न सहयोग गर्ने छ। यद्यपि यसले हाम्रो स्वास्थ्य प्रणालीका कमी कमजोरीहरू पहिचान गर्न र सबैलाई समान पहुँच प्रदान गर्न, असमर्थतालाई सम्बोधन गर्न समानताको आवश्यकतालाई जोड दिन्छ। विश्व रेबिज दिवसका विषयवस्तुलाई स-साना भागहरूमा विभाजन गरेर अध्ययन सकिन्छ। प्रत्येकको आफ्नै अर्थहरूः

- "एकको लागि सबै" ले रेबिज उन्मूलन गर्ने लडाईमा हामी सबै प्रत्येक व्यक्तिको जिम्मेवारीलाई व्यक्त जनाउने गर्दछ। सबै मानिसहरू एक स्वास्थ्यतिर काम गर्न सक्छन्। सबैले जीवन बचाउन योगदान र सहयोग गर्न सक्छन्। समुदायहरूले व्यक्तिगत वा सामाजिक रुपमा मानिस र जनावरहरूलाई मद्दत गर्न गरी काम गर्न सक्छन् र सबैले प्रभावकारी रूपमा एउटै लक्ष्यतर्फ काम गर्न सहयोग गर्न सक्छन्।
- नम्बर १ ले फरक पार्ने एकल व्यक्तिलाई, समुदायलाई, हाम्रो एउटै लक्ष्य, कसरी एउटा खोप लगाएको जनावरले सबैलाई जोगाउँन सहयोग गर्दछ र **PEP (Personal Education Plan)** को एक पाठ्यक्रमले कसरी जीवन बचाउन सक्छ भन्ने सन्दर्भमा विभिन्न कुराहरु उल्लेख गर्न सक्छ।

विभिन्न विषयवस्तुमार्फत् रेबिजले समुदायभित्रका प्रमुख प्रवृत्तिहरूलाई सम्बोधन गर्दछ। जसमा युनाइटेड अगेन्स्ट रेबिज फोरममार्फत् देखिएको सहयोग र एक स्वास्थ्यलाई सञ्चालन गर्न छलफल गरी तयार गरिएका कार्यहरू मानव, जनावर र वातावरणीय स्वास्थ्यमा सुधार गर्न तीनवटा अभिन्न अङ्गका रूपमा जोडिएका छन्। यसबाहेक यसले विश्व बैंकबाट महामारी रोकथाम कोषको सुरुवात र समग्र स्वास्थ्य प्रणालीलाई बलियो बनाउनको लागि आवश्यक पर्ने र प्रमुखमा देखा परेका विश्वव्यापी प्रवृत्तिहरूलाई सम्बोधन गर्न मदत गर्छ। रेबिज रोग नियन्त्रण र उन्मूलनका प्रयासहरू मार्फत क्षमता निर्माण गरेर अन्य रोग हस्तक्षेपहरूको लागि जग बसालेर सफलता हासिल गर्न सकिन्छ। सन २०३० द्वारा शून्य भित्र: विश्वव्यापी रणनीतिक योजना, एक स्वास्थ्य एक मूल अवधारणा हो। जसलाई हासिल गर्नका लगि निम्न कुराहरुको आवश्यक्ता पर्ने गर्दछ।

१. त्यो रेबिज उन्मूलन एक स्वास्थ्य सहयोगको लागि एक नमूना कार्य हो।
२. रेबिज उन्मूलनका लागि राष्ट्रिय रणनीतिक योजनाको विकास गर्न सक्नुपर्दछ।
३. अन्तर्राष्ट्रिय सहयोगमा सबै क्षेत्रका साझेदारहरू समावेश हुन्छन्।

रेबिजका कारणले विश्वका १५० भन्दा बढी देशमा हरेक वर्ष ५९ हजार मानिसको मृत्यु हुने गरेको अनुमान छ। त्यो प्रत्येक दिनको हरेक नौ मिनेटमा एक जना व्यक्तिको मृत्यू हुने गर्दछ। जसमध्ये ४०% एशिया र अफ्रिकामा बस्ने बालबालिकाहरू छन्। कुकुरको टोकाइले लगभग सबै मानव केसहरू निम्त्याउने भएकोले, हामीले जनचेतना बढाएर, रोगको स्रोतमा कुकुरहरूलाई खोप लगाएर, मानिसहरूलाई टोकेपछि जीवन बचाउने उपचारको व्यवस्था गरेर रेबिजको मृत्युलाई रोक्न सक्छौं। हामीसँग कुकुर मध्यस्थता रेबिजबाट मानिसहरूलाई मर्नबाट रोक्नको लागि खोपहरू, औषधिहरू, उपकरणहरू र प्रविधिहरू छन्। अपेक्षाकृत कम लागतको लागि यो रोग चक्र तोड्न र जीवन बचाउन सम्भव छ। यसलाई सहजै सबैले प्रयोग गर्न सक्ने खालको प्रविधिहरु प्रयोग गरी तयार गर्न जरुरी छ।

नेपालमा वार्षिक करिब १०० जनासम्मले रेबिजका कारणले ज्यान गुमाउने गरेको सरकारी विवरण छ। जुन नेपालको तुलनामा ३५ प्रतिसत भन्दा बढी हुन आउँछ। नेपालमा ९९ प्रतिशत रेबिजका घटनाहरु घरपालुवा जनावर कुकुरको टोकाइबाट हुने गरेको पाइन्छ। नेपालमा रेबिजको खोप २००६ साल देखि उत्पादन गर्न थालिएको हो। बार्षिक १ लाख ६० हजार डोज खोपको उत्पादन हुने गर्दछ र देशमा वार्षिक १ लाख ५० हजार देखि ३ लाख २० हजार डोजसम्म खोपको खपत हुने गर्दछ।यो तथ्याङ्क २००७ देखि २०१४ सम्मको हो।

सर्वप्रथम लुई पास्चरले रेबिजको महामारी रोक्नका लागि सन १८८५ मा रेबिज बिरुद्धको

खोपको आविस्कार गरेका थिए र प्रयोग गरेका थिए। रेबिज रोग ४००० वर्ष पहिले नै अज्ञात रुपमा लक्षणहरु देखा परेको र यसबाट धेरै मानिसहरु प्रभावित भएको बताइन्छ।

रुकुम पूर्वमा पनि भिविन्न सरोकारवालाहरुले यो दिवशलाई विशेष दिनको रुपमा लिएको पाइन्छ। यहाँ पनि वर्षेनी बहुला कुकुरको महामारी देखा पर्ने गर्दछ। गत वर्ष मात्र बहुलाको कुकुरको टोकाइबाट ३०० भन्दा बढी पशु चौपाया प्रभावित भएको पाइन्छ भने ७५ जनाभन्दा बढी मानिसलाई राम्रो वा बहुलाएको कुकुरको टोकाइबाट प्रभावित भएको जानकारहरुले बताउने गरेका छन्। प्रत्येक वर्ष सप्ताहव्यापी रुपमा विश्व रेबिज दिवस विभिन्न कार्यक्रमहरु सञ्चालन गरेर मनाउने गरेको छ। निःशुल्क रेबिज खोप कार्यक्रम, सरोकारवालासँग अन्तरक्रिया कार्याक्रम, स्कुल शिक्षा कार्यक्रम, रेडियो शिक्षा आदि सञ्चालन गरेर मनाउन थालिएको छ। भूमे गाउँपालिकाले गाउँपालिकाभित्रका कुकुरहरुलाई रेबिजबिरुद्धको खोप कार्यक्रम लगायतका विभिन्न अन्तर्क्रिया कार्यक्रम गरि दिवस मनाउन लागेको छ। वर्षेनी देखा पर्ने बहुला कुकुरको महामारी कम गर्न र एक खोपले सबैको स्वास्थ्य बचाउनका लागि विभिन्न कार्यक्रम तय गरिएका छन्।

**परिचयः**

रेबिज रोग तातो रगत भएको स्तनधारी प्राणीहरुमा लाग्ने एक प्राण घातक जुनोटिक रोग हो। मानिस तथा कुकुरमा लाग्न सक्ने लक्षणहरु बारे इ.पू. ३००० वर्ष पहिले नै यहुदी ग्रन्थमा लेखेको पाइन्छ। यो रोगको विषाणुले मुख्यतया केन्द्रिय स्नायु प्रणालीमा असर गरि उत्तेजना तथा पक्षघातका लक्षणहरु सिर्जना गर्ने गर्दछ। यो रोग मानिसमा लाग्ने हुनाले जन स्वास्थ्यको दृष्टिकोणबाट पनि अति महत्वपूर्ण छ। खास गरेर पशु स्वास्थ्यकर्मीहरुको लागि रेविज बढी खतरा र जोखिम छ । नेपालमा मुख्यतया रेविज बहुला कुकुरको टोकाईबाट मानिसमा सर्ने गरेको छ र केहिलाई विरालो, न्याउरी मुसा र स्यालको टोकाईबाट भएको पाइएको छ ।

रेबिज एक खोपबाट रोक्न सकिने भाइरल रोग हो जुन १५० भन्दा बढी देश र क्षेत्रहरूमा रहेको। यसले हरेक वर्ष दसौं हजार जना मानिसको मृत्यु निम्त्याउँछ। मुख्यतया एशिया र अफ्रिकाका ४०% १५ वर्ष मुनिका बालबालिकाहरू छन्। कुकुरहरू मानव रेबिजको मृत्युको मुख्य स्रोत हो ।जसले मानिसहरूलाई रेविज सार्न सबै ९९% योगदान गर्दछ। कुकुरको खोप लगायर कुकुरको टोकाइबाट बच्न र रेबिजबाट बच्न सकिन्छ।

**रोगको कारणः** यो रोग Lissa Virus नामक विसाणुबाट लाग्दछ।

**सर्ने तरिकाः** यो रोगको सम्वाहक बहुला जनावर नै मानिन्छ। यस्ता जनावरको र्यालमा भएको विषाणु र उक्त जनावरको टोकाई वा अन्य माध्यम हुदै शरिरका विभिन्न स्नायु प्रणाली हुदै मस्तिस्कमा पुग्दछ ।

*यो रोग २ प्रकारले सर्दछ।*

१) टोकाईबाट

२) विना टोकाईबाट

**रेविज रोग लाग्न सक्ने सम्भावित कारणहरु:**

१) वहुला कुकुर वा विरालोले टोकेमा।

२) जंगली जनावर जस्तै स्याल, व्वांसो, न्याउरी मुसा फ्याउरोले अकस्मात टोकेमा।

३) वहुलाएको जनावरको र्याल चोटपटक लागेको भाग वा आलो घाउमा पर्न गएमा।

४) रेविज लागेको गाई भैसींलाई जवरजस्ती मुख खोलेर जांच्दा वा औषधि खुवाउँदा चोटपटक लागेको भागमा र्याल लटपटिन पुगेमा।

५) रेविज रोग लागि विरामी वा असक्त भई लडेको चमेरो छुने चलाउने गर्दा टोक्न पुगेमा वा चोटपटक लागेको भागमा र्याल पर्न गएमा।

६) रेविज लागेको जनावरको मासु काटकुट गर्दा लाग्ने चोटपटकमा र्याल, गिदि लसपस हुन पुगेमा

७) रेविज रोग लागेर मरेको मानिसको नेत्रदान गरेमा।

**लक्षणहरुः** कुकुरमा रेविजको लक्षणहरु २ अवस्थामा देखा पर्दछ-

१. उत्तेजित अवस्था

२. लाटो अबस्था

कुकुर बहुलाएको कसरी थाहा पाउने त?

**१. उत्तेजित अवस्था**

सामान्य वानी व्यहोरा र शील स्वभावमा परिवर्तन

मालिकले बोलाएको नसुन्ने, भनेको नमान्ने, चन्चल हुने, अध्यारो रुचाउने ।

मालिक र अन्य कुकुरसँग मिलेर वस्न नचाहने।

आक्रमक स्वभावको विना कारण जे पायो त्यसैलाई झम्टने, मालिकलाई समेत टोक्ने

टाँगमुनी पुच्छर हालेर दौडने ।

बाटोमा अगाडी पर्ने कुनै पनि वस्तु, पशु वा मान्छेलाई टोक्ने र लगातार दौडिरहने, भुकी रहने

लामो दुरी तय गर्ने घर फर्कने वा नफर्कन पनि सक्दछ ।

पछि गएर माँसपेशीको पक्षघात हुने ।

प्रसस्त र्याल काड्ने, भुक्न नसक्ने, ।

टाउको निहुर्याउने, जिव्रो बाहिर निकाल्ने

पछाडीको खुट्टा कमजोर भई हिड्न नसक्ने ।

रोगको लक्षण ४‘७ दिन सम्म रहन्छ । लक्षण देखाएको १० दिनमा मर्दछ ।

**२. लाटो अवस्था**

कुकुर सुस्त हुन्छ।

र्याल निकालिरहने

शान्तसंग बसेको ४/५ दिनमा कुकुर मर्दछ

**गाई भैसीमा देखिने लक्षणहरु**

जनावरको हेराई एकोहोरो हुन्छ।

अकस्मात जनावर तर्सने।

आक्रमक हुने मानिस वा कुनै पशु वस्तुलाई हान्ने

अजिव स्वर निकालेर कराउने।

दाँत किटकिटाउने, घाँस पानी ननिल्ने, निल्न

नसक्ने।

आँखा राता राता पारी हेर्ने।

साँढे, राँगो खोजेजस्तो गरी पिसाव तुर तुर गर्ने।

विस्तारै पछाडिको भागको पक्षघात हुने लगातार र्याल काडी रहने गुद्धारको पक्षघात हुने

पक्षघात भएको ३'४ दिनमा पशु मर्ने।

**रोगको पहिचानः**

१) लक्षणको आधारमा

२) प्रयोगशालामा मस्तीस्कको परिक्षण गरी रोग एकिन गर्न सकिन्छ।

**रेविज विरुद्ध खोप लिनु पर्ने अवस्थाः**

१) लक्षणको आधारमा वहुला हो भन्ने एकिन भएको कुकुरले टोकेमा।

२) टोक्ने कुकुर मारीएमा।

३) टोक्ने कुकुरको पहिचान गर्न नसकिएमा।

४) टोक्ने कुकुर हराएमा वा वेपत्ता भएमा।

५) शंकास्पद कुकुर रेवीज रोगको लक्षण देखाई १० दिन भित्र मरेमा वा प्रयोगशालामा शंकास्पद मारिएको कुकुरको मस्तिष्क परीक्षण गर्दा रेबिज लागेको प्रमाणित भएमा।

६) बहुला जनावरको र्याल आलो घाउ, चोटपटक लागेको भागमा परेमा।

७) कुनै पनि जंगलि जनावरले अकस्मात आक्रमण गरी टोकेमा।

८) र्याल काढि रहेको गाईभैसीलाई औषधि खुवाउने क्रममा मुख भित्र हात हालेमा र पछि र्याल लसपस भएमा।

९) केटाकेटीहरुलाई कुकुरले टोकेको तर टोक्ने कुकुरको पहिचान वयस्क व्यक्तिवाट हुन नसकेमा ।

१०) शंकास्पद परिस्थितिमा चिकित्सकको सल्लाह वमोजिम गर्ने ।

**रेविज रोगको प्राथमिक उपचार**

कुनै पनि वहुला वा शंकास्पद कुकुर वा जनावरले टोकेको खण्डमा तुरुन्तै सम्वभ भएमा सावुन पानीले नत्रभने सफा पानीले टोकेको भागमा ५ मिनेटसम्म राम्ररी सफा गरी ३ाउमा लगाउने औषधि (डिटोल, आयोडिनको झोल) लगाउनु पर्दछ । यसरि रेवीजरोगको केहिहद सम्म प्राथमिक उपचार गर्न सकिन्छ ।

**उपचार :**

रेबिज रोग बिषाणुबाट हुने भएको हुनाले यो रोगको खासै उपचार हुँदैन। रोगको लक्षण देखिएमा सत प्रतिसत हुन्छ।

**रोकथामः**

बहुला जनावरले टोक्नासाथ घाउलाई तुरुन्त सावुन पानीले राम्रो संग धुने र पोटास पानी जस्तो औषधिले घाउ सफा गर्ने । टोक्ने जनावरलाई तुरुन्त बाध्ने , थुनी प्रत्यक्ष नियन्त्रणमा राखी १० दिन सम्म चाल चलन हेर्ने निगरानी राखेको जनावर वा कुकुरले लक्षण देखाएमा तुरुन्त खोप लगाउने। १० दिन सम्म कुनै चालचलनमा परिवर्तन नभए भ्याक्सिन नलगाउने।

**रेविज रोगका केही तितो सत्यः**

१) कुकुरमा रेविज रोग नलाग्ने तर रेविज विषाणु वोकेर हिड्ने वा स्वस्थ देखिएका कुकुरले अरुलाई टोकेर सार्ने Carrier stage अवस्था रहदैन।

२) वहुला जनावरले जुनसुकै भागमा टोके पनि रेविज विषाणु टोकेको भागबाट केवल स्नायु भएर मात्र मस्तिष्कसम्म पुग्छ। रेविज विषाणु स्नायु मार्फत प्रति घण्टा ३ मिलिलिटरको दरको मस्तिष्कतर्फ बढ्छ।

३) रेविज लागेको जनावरको रगतमा रेविज विषाणु Vimeria रहदैन।

४) रेविज विषाणु ५६ डिग्रि सेल्सीयस तापक्रममा निष्क्रिय हुन्छ ।

५) आज सम्म रोगलागेको जनावरको दूध पिएर मानिसलाई रेविजरोग लागेको घटना रेर्कड गरिएको वा प्रमाणित भएको छैन।

६) मानिसको हकमा रेविज विषाणुले गर्भवति अवस्थामा सालनाल भएर गर्भाशयमा प्रवेस गर्न सक्तैन। रेविज लागेको महिलाको पाठेघरवाट स्वस्थ शिशु निकालिएको र बाँचेको तथ्य छ।

७) प्राकृतिक अवस्थामा रेवि जरोग लागेर रोग प्रतिरोध गर्ने क्षमता विकसित हुदैन।

८) रेविज रोग लाग्न कम्तिमा ३ दिन देखि बढिमा ८ वर्ष लागेको रेर्कड छ।

९) साधारणः रेविज रोग लागेको कुकुर वा जनावर ६ दिन भित्र मरिहाल्दछ। तर रेविजरोगको स्पस्ट लक्षण देखिनु भन्दा ४ दिन अगाडिको र्यालमा रेविज भाईरस पाईन सक्ने भएकोले विश्व स्वास्थ्य संघ (WHO) ले बढिमा १० दिन टोक्ने कुकुर हेर्न सिफारिस गरेको छ।

१०) नेपालमा वर्षेनि १०० जना रेविज रोग लागेर मर्ने गरेको अनुमान छ भने विभिन्न समयमा गरेको सर्वेक्षण अनुसार २५००० भन्दा वढि व्यक्तिले रेविजरोगवाट बच्न खोप लिने गरेको तथ्याङ्क छ।

११) एसियामा मात्र प्रत्येक १५ मिनेटमा एक मानिस रेविज लागेर मर्ने गर्दछन, रेविज रोगिहरु मध्ये कम्तीमा ४० प्रतिशत १५ वर्ष मुनिका हुने गर्दछन्। साथै प्रति घण्टा ८ सय मानिसले बहुला जनावरको टोकाई र सम्पर्कका कारण रेविज विरुद्ध खोप लगाउने गर्दछन्।

**रेविजलाई शून्य बनाउने लक्ष्यः**

बिश्व स्वास्थ्य संगठन, बिश्व पशु स्वास्थ्य संगठन, बिश्व रेविज नियन्त्रण कार्यक्रम Global Alliance For Rabies control को संयुक्त प्रयासमा सन २०३० सम्म बिश्वबाट नै रेबिज रोग संक्रमणलाई शून्यमा झार्ने लक्ष्य छ।नेपालले पनि उक्त कार्यक्रमलाई सहयोग गर्नका लागि विभिन्न रेबिज नियन्त्रण कार्यक्रम संचालन गर्दै आएको छ। रेबिज रोग

जनस्वास्थ्यका हिसाबले महत्वपूर्ण मानिन्छ। विभिन्न समयमा तयार गरि लागु कार्यक्रमहरुले पनि रेविज नियन्त्रणङ्गा ठूलो भूमिका खेलेको छ।सन २०१५ मा विश्वले २०३० सम्ममा मानव कुकुर-मध्यस्थता रेबिज मृत्यु शून्यको विश्वव्यापी लक्ष्य सेट गरेर कारबाही गर्न आह्वान थियो। रेबिज रोगसम्बन्धी ग्लोवल सम्भेल सन २०१५ डिसेम्बर १० र ११ गते स्विजरल्यान्डको जेनेभामा भएको थियो उक्त सम्मेलनमार्फत् कुकुरबाट हुने रेबिजलाई उन्मुलन गर्ने विश्वब्यापी लक्ष्य तयार भएको थियो। WHO, WOAH (पहिले, OIE), FAO र GARC "30 द्वारा शून्य" मा पुग्न एक व्यापक, रणनीतिक योजना तयार गरी एकजुट भएका छन्। यसरी सान्दर्भिक विश्वव्यापी, क्षेत्रीय र देशका सरोकारवालाहरूसँग परामर्श गरी योजना तयार गरेकाछन ।यसले रेबिज रोकथामको लागि एक महत्वपूर्ण आधारहर प्रदान गर्दछ । मानव र भेटेरिनरी स्वास्थ्य प्रणालीसँग एकीकृत गरी विश्वको सबैभन्दा कम सेवा नपुगेका जनसंख्या सम्म पुग्न बलियो बनाउँन सहयोग गर्छ। यसले दिगो विकास लक्ष्यसँग मेल खान्छ।दिगो विकासका लक्ष्यलाई सहयोग गर्नका लागि यसले महत्वपूर्ण योगदान गर्नेछ।


## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रूकुम पूर्वको सूचना

पूर्ण सरसफाइ प्राप्तिको लागि निम्न कुरा अबलम्बन गरौं।

- दिसा पिसाबका लागि चर्पीको मात्र प्रयोग गरौं ।
- दिसा पिसाब गरिसकेपछि, खाना पकाउनुअघि र खाना खानु अघि साबुनपानीले राम्रोसँग हात धुने गरौं ।
- घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धिकरण गरौं।
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।
- सुरक्षित खानाको प्रयोग गरौं ।
- घरभित्र र बाहिरका तरल, पच्ने ठोस र नपच्ने ठोस फोहोरमैलाको उचित व्यवस्थापन गरौं ।